स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही पुष ५ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शनको तयारीमा रहेको फिल्म 'बम बहादुर'मा अभिनेता सौगात मल्लले विद्रोही भूमिकामा निर्वाह गरेका छन् । केही दिनअघि सार्वजनिक ट्रेलरले पनि उनको चरित्रबारे प्रकाश पार्छ । फिल्मको कथा आफैंले भोगेको जस्तो महसुस भएपछि उनी काम गर्न तयार भएका रहेछन् । र, दर्शकलाई पनि यही महसुस हुने उनको विश्वास छ । अभिनेता मल्ल फिल्ममा आफ्नो पात्र रोचक रहेको बताउँछन् । आफूले अहिलेसम्म यस्तो पात्र नगरेको उनको भनाइ छ ।

**आजको विचार...**



डा.अतीन्द्र दाहाल

एकताको...
(दुई पेजमा)



चर्चित के-पप ब्याण्ड इन्स्टारकी गायिका तथा डिजे एन-ए-सङलाई दुर्घटनाको घटनामा आठ वर्षको जेल सजाय सुनाइएको छ । उनले हाँकेको गाडीको ठक्करबाट ५० वर्षीय एक डेलिभरी म्यानको मृत्यु भएको थियो । दक्षिण कोरियाली सञ्चारमाध्यमका अनुसार त्यहाँको सर्वोच्च अदालतले डिसेम्बर १० मा जेल सजायको फैसला सुनाएको हो । गायिका ए-सङले हाँकेको मर्सिडिज बेन्ज गाडी एसयूभीको ठक्करबाट ती पुरुषको मृत्यु भएको घटनामा उनी दोषी ठहर भएकी हुन् ।

❒ वर्ष ३० ❒ अंक १४४ ❒ २०८१ पौष २ गते मंगलबार 17 December 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# छुट्टाछुट्टै सवारी दुर्घटना : १० जनाको मृत्यु, १५ घाइते

**हाम्रा संवाददाता**

**पाल्पा,** पुस १/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ, दैलेख, बर्दिया, काठमाडौं र झापामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु भएको हो ।

दाङको घोराही उपमहानगरपालिका-१५ कपासीस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । घोराहीबाट तुलसीपुरतर्फ जाँदै गरेको रा.३ प ९३५६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक रूकुम पश्चिम मुसिकोट नगरपालिका-१४ छिवाङ बस्ने २१ वर्षीय मिन बहादुर वलीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी दाङको लमही नगरपालिका-९ च्याँउ खोला नजिक सडकमा विङगर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । चन्द्रौटाबाट बर्दियातर्फ जाँदै गरेको लु.१ ज ४२९८ नम्बरको




विङ्गर अनियन्त्रित भई सोमबार बिहान दुर्घटना हुँदा विङ्गरमा सवार कपिलबस्तु शिवराज नगरपालिका-३ बस्ने ४२ वर्षीया त्रीथी थारू र ६० वर्षीया फुलसी थारूको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको लमही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । साथै दुर्घटनामा घाइते भएका विङ्गरमा सवार १२ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । विङ्गर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै बर्दियाको गुलरिया नगरपालिका-६ स्थित सडकमा रोकी राखेको ट्याक्टरमा कुटर ठक्कर खाई दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । म.१ त १०६२ नम्बरको ट्याक्टरमा बा.६८ प ७०३६ नम्बरको स्कुटर ठक्कर खाई दुर्घटना हुँदा स्कुटर चालक सप्तरी रूपनी गाउँपालिका-१ घर भई गुलरिया नगरपालिका-६ बस्ने ३७ वर्षीय रामकुमार साह र सोही स्कुटरमा सवार उनकी छोरी ६ वर्षीया विद्या साहको मृत्यु भएको हो ।

...बाँकी अन्तिम पेजमा

## संक्षिप्त समाचार

### उत्तर कोरियाली सैनिकको मृत्यु

**रासस/एएफपी**

**किएभ, युक्रेन, पुस १**/युक्रेनले आफ्नो पश्चिमी कुर्स्क क्षेत्रमा रूसले तैनाथ गरेका कम्तीमा ३० जना उत्तर कोरियाली सैनिकको हताहत भएको सोमबार जनाएको छ ।

युक्रेनको सैन्य गुप्तचर निकायले भनेको छ, 'डिसेम्बर १४ र १५ मा कुर्स्क क्षेत्रको प्लेखोभो, भोरोज्बा, मार्टिनोभ्का गाउँनजिकै उत्तर कोरियाली सैनिक एकाइमा ठूलो क्षति पुगेको छ ।' युक्रेनी गुप्तचर अधिकारीले भनेका छन्, 'रूसले कब्जा गरेको युक्रेनी भूभाग र वरपरका क्षेत्रमा तैनाथ गरिएका सैनिकलाई लक्षित गरी गरिएका आक्रमणमा कम्तीमा ३० जना उत्तर कोरियाली सैन्य लडाकूको हताहत (मृत्यु भएको वा सख्त घाइते भएका) छन् ।' उत्तर कोरियाबाट हजारौं सैनिकहरू कुर्स्क सीमा क्षेत्रसहित युक्रेनी सीमा क्षेत्रमा रहेका रूसी सेनालाई सहयोग गर्न आएका छन्, यसै वर्षको गृष्म याममा युक्रेनी सेनाको आश्चर्यजनक आक्रमणपछि पछिल्ला केही महिना रूसले आफ्नो भूमि फिर्ता लिइरहेको छ । मस्कोलाई सघाउन उत्तर कोरियाले कम्तीमा १० हजार सैनिक पठाएको पश्चिमी अधिकारीहरूको अनुमान छ । सीमा क्षेत्रमा तैनाथ ती सैन्य एकाईहरूमा 'नयाँ सैनिक'हरू भरिएका छन् र यसमा उत्तर कोरियाली सेना पनि रहेका बताइएको छ ।

## चिसोबाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदेश राजाधानीमा जग्गा व्यवस्थापनको काम अगाडि बढ्यो

**तुलसीपुर,** पुस १/लुम्बिनी प्रदेशको स्थायी राजधानी तोकिएको क्षेत्रको जग्गा व्यवस्थापनको काम पनि अघि बढेको छ ।

प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलका अनुसार चालु वर्षमा शीतगङ्गा नगरपालिका र गढवा गाउँपालिकाको क्षेत्रमा काम गर्ने गरी तयारी गरिएको छ । 'यस वर्ष दुईवटा प्याकेजमा काम गर्ने तयारी छ', उनले भने, 'पहिलो चरणमा शीतगङ्गा र गढवा क्षेत्रमा काम हुन्छ, राप्तीमा पनि कुराकानी भइरहेको छ, त्यहाँ पनि सुरु हुनसक्छ ।' प्रादेशिक राजधानी निर्माणको विस्तृत योजना (डिपीआर) तयार भएको छ । आधुनिक सहर निर्माणका लागि पाँच वर्षमा २५ अर्बको परियोजना तयार पारिएको हो । पूर्वाधार विकास प्राधिकरण प्रमुख अधिकृत पोखेलका अनुसार विभिन्न चरणमा काम हुने छन् । त्यसमध्ये पहिलो चरणमा पाँच वर्षभित्र २५ अर्बमा काम गरिने गरी डिपीआर तयार भएको हो ।



डिपीआर अनुसार राप्ती नदीको वारिपारि कङ्क्रिट वालसहितको तटबन्ध र राप्ती वारपार जोड्ने तीन वटा पुल निर्माण गर्ने, खानेपानी, विद्युत्, सडक विस्तारको समेत काम हुनेछ । राप्ती नदीको वारि र पारि पक्की तटबन्धसहितको ५०-५० मिटरको कालोपत्रे सडक निर्माण गरी राप्ती, गढवा, राजपुर र शीतगङ्गाअर्थात् राजधानी क्षेत्रको राप्ती उपत्यकालाई बृहत् सडक सञ्जालमार्फत जोडिने योजना रहेको उनले बताए तर, त्यसका लागि स्रोत नहुँदा समस्या भएको उनको भनाइ छ ।

**जग्गा कित्ताकाट नहुँदा समस्या**

जग्गा व्यवस्थापनको काम नहुँदा जग्गा कित्ताकाट रोकिएको छ । लामो समय जग्गा फुकुवा नहुँदा समस्या थियो । जग्गा किनबेच रोकिएको थियो, भने बैंकको ऋण लिन समेत समस्या हुने गरेको थियो । तर, अहिले जग्गा फुकुवा भए पनि कित्ताकाट भने रोकिएको छ । कित्ताकाट रोकिँदा निकै समस्या हुने गरेको जग्गा एकीकरण परियोजनाका पूर्वअध्यक्ष श्यामेस चौधरीले बताए । 'हाम्रो पालामा डिपीआर बनायौं', उनले भने, "तर, त्योअनुसार काम हुन सकेको छैन, काम नहुँदा जनता मारमा छन्, जग्गा कित्ताकाट गर्न सकिएको छैन ।' विसं २०७७ असोज २० गते बुटवलमा बसेको प्रदेशसभा बैठकले राप्ती उपत्यका देउखुरीमा स्थायी राजधानी तोक्यो । राप्ती गाउँपालिका, गढवा गाउँपालिका वडा नं १,२ र ३ तथा अर्घाखाँचीको शीतगङ्गा नगरपालिका वडा नं ८ र ९ लाई केन्द्र मानेर स्थायी राजधानी तोकेको थियो ।

-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पर्यटन विकासमा ध्यान खै ?

कम लगानीमा बढी प्रतिफल दिने मुलुकको पर्यटन व्यवसाय आर्थिक समृद्धिको महत्वपूर्ण आधार हो । देशको तीनखम्बे अर्थतन्त्रमा ऊर्जा, कृषि र पर्यटनलाई लिइएको छ । पर्यटन क्षेत्रको विकासमार्फत नेपालको आर्थिक अवस्थामा आमूल परिवर्तन ल्याउन सकिने भए पनि त्यसको सुधारमा कसैको पनि ध्यान जान सकेको छैन । कोभिड महामारीपछि नेपालको पर्यटन क्षेत्र अत्यन्त सुस्ताएको छ । जुन रुपमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन् । पर्यटकीय क्षेत्रमा चहलपहल नहुँदा मुलुकको अर्थतन्त्र समेत शिथिल अवस्थामा पुगेको छ । हाल बैंकहरूमा पैसा थुप्रिएको छ । तापनि यहाँका उद्यमी व्यवसायीहरूले चाहे जति ऋण लिई विभिन्न व्यवसाय सञ्चालनबाट मुनाफा गरेर बैंकको ऋण तिर्ने अवस्था छैन् । फलतः यहाँको अर्थतन्त्र चलायमान हुन सकेको छैन् । आयातभन्दा निर्यात बढी घटेकोले अर्थतन्त्र सन्तोषजनक अवस्थामा छैन् । विगतमा जस्तै चालू खर्च बढे पनि पुँजीगत खर्च तथा राजस्व अपेक्षाअनुरूप बढाउन सकिएको छैन् ।

खर्चको हिसाबले नेपाल एक सस्तो देश मानिन्छ । तर, प्रचार-प्रसारको कमीले यहाँ सोचेअनुरूप पर्यटकहरू आउँदैनन् । वस्तुतः नेपालमा पदयात्रा, जलयात्रा, तालतलैया बिहार, प्याराग्लाइडिङ, बन्जी जम्पिङ, जंगल सफारी, गुफाको यात्रा आदि गर्न सकिने भएकोले प्रत्येक वर्ष प्रचुर मात्रामा पर्यटकलाई आकर्षण गर्न सकिन्छ । पुर्खाले आर्जेका र प्रकृतिले दिएको प्रचुर सम्पदाको सदुपयोग गर्नसके भविष्यमा नेपालमा पर्यटन उद्योगबाट धेरै फाइदा लिन सकिन्छ । तर सरकारले समेत यसतर्फ खासै चासो देखाएको पाइँदैन । पर्यटनका पूर्वाधारको विकास तथा पर्यटनका क्षेत्र र गन्तव्यको पहिचान, प्रवर्द्धन तथा विविधीकरणमा ध्यान पुग्न सकेको छैन् । नेपाली परिवेशमा पर्यापर्यटनको उद्देश्य पर्यटन र वातावरणमा सामाञ्जस्य ल्याउनु हो, जसका माध्यमबाट स्थानीय ग्रामीण अर्थतन्त्रलाई माथि उठाउन सकियोस् । तर, पर्यटनलाई विकेन्द्रित गर्दै यसको लाभ आधारभूत तहसम्म पुऱ्याउने कुरामा सरकारी तवरबाट गाम्भीर्यता देखिँदैन । आयात र भुक्तान सन्तुलनका लागि आवश्यक पर्ने विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतका रूपमा रहेको पर्यटन व्यवसायलाई वेवास्ता गर्ने हो भने देशले ठूलो आर्थिक भार व्यहोर्नुपर्ने हुन सक्छ । पर्यटनलाई पुनर्जीवन दिनका लागि पर्यटक आगमन तथा हालको विद्यमान व्यवस्थामा तत्काल सुधार गर्नुपर्छ । बढी भन्दा बढी पर्यटकहरु भित्र्याउने वातावरण सरकारले सिर्जना गरिदिनुपर्छ । यसका लागि सरकारले पर्यटनमैत्री थप कार्यक्रमहरु ल्याउन जरुरी छ ।

## Opinion @ Social Network

जति प्रयास गरेपनि, केही न केही त छुट्छ नै ।
जहाँ पुगिन्छ, त्यहाँ नयाँ अवसर र अनुभवको रमाइलो हुन्छ ।
(सुसिल बस्यालको फेसबुक स्टाटस https://www.facebook.com/Rastrapremisushil.22 )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# एकताको भजन : मिसन कि फेसन ?



**डा.अतीन्द्र दाहाल**

*नेपालमा प्रजातन्त्रको अभ्युदयको समय २००७ सालको आसपास स्व.पुष्पलालको अगुवाइमा कम्युनिष्ट पार्टीको निर्माण भयो तर बिराट विरासत बन्नुसट्टा कम्युनिष्टहरूमा उराठ लाग्ने दलदलको कमजोर धरातलमात्र बन्यो ।*

पछिल्लो दुई-चार सप्ताहादेखि फेरि कम्युनिष्ट पार्टीहरूको एकताको भजनमार्फत बजारमा केही थान नेतृत्वपत्तिले राजनीतिक पर्यावरणलाई तरंगित बनाउन बल लगाउँदै छन् । बाम शक्तिहरूबीच एकता भएमात्र देशमा अपेक्षित समृद्धि हुने दलिल दर्ज गराउन उद्धत छन् । वर्तमानका मुख्य पार्टीहरू एमाले, माओवादीलगायत अन्य सबै कम्युनिष्ट दलहरू बिगतमा धेरै पटक फुटेका अनि कहिलेकाहीँ नाटकीय रूपमा जुटेका पनि थिए । केही थान पूर्ण असफल तथा वयोवृद्ध नेताहरूको अनवरत जिहादबीच अनगिन्ती जवान तर लाचार र लम्पट पछिल्लो पुस्ताका नेताहरूको सघन हस्तक्षेपको अभावमा कम्युनिष्ट पार्टीहरूले साख गुमाउँदै छन् ।

कम्युनिष्ट सिद्धान्त र चरित्रमा गम्भीर अपचलन हुदाँसमेत तिनै नेताको चाकडीमा लहडीबाज देखाउने अनि उनीहरूका कर्मकाण्डी नेतृत्वलाई देवत्करण र निर्सत सदर गर्ने आदत देखिन्छ । उनीहरूलाई विस्थापित गरेर आफू नेतृत्व लिन तयार नहुने युवा भनिने कायर पुस्ताको नालायकिपना झन घृणालायक बन्दैछ । कम्युनिष्टहरू कमैमात्र निष्ठमा रहेको देखिँदैछन् । सन् १९२१ आसपास चेन दुहिऊ र ली दफयाजो नामक नेताको अगुवाइमा गठन भएको 'कम्युनिष्ट पार्टी अफ चाइना' अझै त्यहाँको सर्वशक्तिमान एवं एक्लो पार्टी छ । १९३० तिर स्थापना भएको 'कम्युनिष्ट पार्टी अफ भियतनाम' पनि हालसम्म एकाकार रूपमा छ । उत्तर कोरिया महाशक्ति अमेरिकालाई चुनौती दिने सार्मथ्य राख्छ । नेपालमा प्रजातन्त्रको अभ्युदयको समय २००७ सालको आसपास स्व.पुष्पलालको अगुवाइमा कम्युनिष्ट पार्टीको निर्माण भयो तर बिराट विरासत बन्नुसट्टा कम्युनिष्टहरूमा उराठ लाग्ने दलदलको कमजोर धरातलमात्र बन्यो । परिणाम आज मसाल, मार्सल, एकीकृत, विकेन्द्रित, क्यास, ड्यास, नेकपा, नेकाप डबल, बहुमत, एकीकृत समाजवादी जस्ता नाममा लगभग दुई दर्जन कम्युनिष्ट पार्टीहरू छन् ।

नेपालमा कम्युनिष्ट पार्टीहरू निश्चित मिसनभन्दा कुनै फेसनमा आधरित भएर खुलेका देखिन्छन् । संसारका केही कम्युनिष्ट शक्तिहरूको लोभलाग्दो कदबीच यहाँको अवस्था भने दयनीय छ । कम्युनिष्ट आन्दोलनलाई कुनै कालखण्ड सशक्त नेतृत्व गरेका बाबुराम भट्टराई, बैध, विप्लव, सिपी मैनाली, मोहनविक्रम जस्ता नेताहरू दूरः गुमराहामा देखिन्छन् । चोइटिएर तितरबितर छन्, कम्युनिष्टको नाममा विभिन्न खालका कचहरीहरूमा केन्द्रित छन् । कम्युनिष्ट पार्टीका कथित कचहरीमा त्यसै पार्टीका नेता कार्यकर्तालाई त जीवनमरणकै सवाल होला । लगानी र प्रतिफलको वारदात बन्ला, षड्यन्त्र र सफलताका वासलतका रूपमा रहला । तर, यसका शुभेच्छकहरू अथवा यो पंक्तिकार जस्तो राजनीतिशास्त्रको विद्यार्थी मात्रलाई समेत पनि केही मर्माहत चाहिँ बनाउँछ । किनकि दलहरू निरन्तर फुट्नु तथा आन्तरिक लफडाबाजीको दलदलमा सदैब अल्मलिनु सबल प्रजातन्त्रका लागि निश्चय नै शुभ समचार होइन । तसर्थ यसरी पार्टीहरू फुट्नु चाहिँ गलत नै हुन्छ तर एकीकृत र एकताबद्ध कम्युनिष्ट भनिएकाबाट पनि नागरिकलाई खासै केही उल्लेख्य सहयोग चाहिँ हुने देखिँदैन । कुनै पनि दल राजनीतिक शक्तिको रूपमा रहनुपर्छ कि पर्दैन भन्ने कुरा तीन मुख्य सिद्धान्तका कसीमा मापन गरिन्छ । दलका नेता तथा सदस्यको सामाजिक जीवन चरित्र, सरकार तथा मातहातका निकायको कार्य सम्पादन, दल स्थापनाको औचित्य तीनवटै आधारले अब कम्युनिष्ट नामका र यही खाले कामका दलको आवश्यकता लगभग सकिएको आभाष हुन्छ । कम्युनिष्ट चरित्र तथा आचरणमा आएको गम्भिर स्थलन यसको सबैभन्दा प्रमुख जड हो ।

**स्खलित चरित्र तथा आचरण :** आज कम्युनिष्ट भनिने अधिकांश नेताहरूको जीवन तथा आचरण कम्युनिष्ट अनि समाजवादी चरित्र अनुरूप छैन । सर्वहाराका नेता भएको भ्रम छरेर सर्वभोगी र विलासी जीवन प्रिय बन्दैछ । पुस्तकालय मदिरालयमा फेरिएका छन् । जुवा, तास, लफडाबाजी, रामरमिता, भोगविलास, डिस्को, डान्सबार कम्युनिष्ट नेताका सन्तान र सन्ततीहरूका आत्मीय अखडा बन्दैछन् । नाजायज, अवैधानिक तथा नकमाएको धनदौलत थुपार्नमा अधिक लगाव राख्छन् र अविछिन्न उपसना गर्छन् । बुर्जुवा शिक्षा भनेर अरूलाई विद्यालयबाट बाहिर निकालेर आफू चाहिँ निजी शिक्षाको व्यपारमा व्यस्त छन् ।

अत्तर छर्केर हिँड्ने, उच्च कोटिका विदेशी सोमरसका साथमा राजसी ढाटको चौरासी व्यञ्जन उनीहरूको प्रमुख दिनचर्या बन्दैछ । 'गोडा भएका कम्युनिष्टहरूलाई घोडा चाहिँदैन' भन्नेहरू महँगा गाडी र हेलिकप्टरमा तडकभडकका साथ सवारी चलाउन उद्धत छन् । अधिकांश कम्युनिष्ट नेता व्यापारीभन्दा धनी छन् । रवाफिलो र भड्किलो जीवनशैली छ । आडम्बर र अहंकार यस्तो छ कि उनीहरू सामन्य नागरिक नभई असामान्य महासामन्त अथवा सम्भ्रान्तहरू हुन् । अनियन्त्रित दम्भ तथा अविवेकी आचरण चुलिँदो छ । सादा जीवन भन्ने कुरा त दस्ताबेजमा लेख्नलाई मात्र बनाइएको हो । नेताहरू 'लिडर'बाट 'डिलर'मा परिणत भएका छन् । उनीहरू राजनीतिलाई व्यापार ठान्छन्, नाफामा तल्लीन छन् । कालाबजारी, भ्रष्टाचार तथा तस्करीलाई दर्शन मान्छन्, घुस कमिसनखोरीलाई अमृत झैं पिउँछन् । कसैले उनीहरूको विरोध गरे विदेशी दलालको आरोप लाउँछन् । उपभोक्तावाद तथा क्रोनी क्यापिटलिजमको विस्तारलाई सहज हुनेगरी नियम बनाउँछन्, सामराज्यवादी आचरण देखाउँछन्, हरेकमा मुनाफा खोज्छन्, सबैको स्रोतसाधन आफ्ना लागि दोहन गर्न चाहन्छन् ।

परिवारवाद उनीहरूको अन्तिम ध्येय हुन्छ, उनीहरूले शोषक तथा सामन्ती भनेका राजा महाराजाहरूले त्यति राज्यको दोहन गरेनन् होला जति उनीहरू आफ्नो र परिवारका लागि गर्दैछन् । देश बनाउन होइन, आफू बन्नुमात्र उनीहरूको ध्येय हुन्छ । आर्की ब्राउनको पुस्तक 'द राइज एण्ड फल अफ कम्युनिजम' ले समेत संसारभर कम्युनिष्टहरूको आचरण पतनोन्मुख भएको देखाउँछ । अहिलेका हाम्रा कम्युनिष्टहरूको सामाजिक जीवन आचरण कुनै पनि हिसाबले समाजवादी दर्शन तथा आर्दशसँग मिल्ने प्रकारको छैन । कार्यसम्पादन त झनै रूग्ण छ ।

**रूग्ण कार्यसम्पादन :** यी वा ती नामधारी विभिन्न कम्युनिष्ट पार्टीहरू पटक-पटक सरकारको नेतृत्व गर्दा वा सरकारको महत्वपूर्ण साझेदारीमा रहँदा पनि कार्यसम्पादन समेत खासै उत्साहाजनक थिएन ।

बलत्कार, हत्या तथा हिंसा जस्ता कुराहरू झन् बढिरहे । निर्मला बलत्कार काण्ड, सुन काण्ड, गुठी विधेयक काण्ड, रुकुम काण्ड, बालुवाटार जग्गा काण्ड, सेक्युरिटी मास प्रिन्टर काण्ड, स्वास्थ्य सामग्री खरिद काण्ड, अयोध्या काण्ड, बेसार पानी काण्ड आदिका तरंगहरू कम्युनिष्टहरूकै समयमा आए । 'ओम्नी' र 'यति' ले दरै गरी कब्जा जमाएको देशलाई 'बतास'ले त उडाउला नै जस्तो पनि कम्युनिष्टकै समयमा देखियो । हरेक ठाउँमा सेटिङसहित साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरेर सार्वजनिक संस्थान, निगम, विश्वविद्यालय, न्यायलयलगायत अन्य संस्थाहरूमा आफ्ना कार्यकर्ता भर्ति गर्ने र अपवादबाहेक तीनलाई सकेसम्म निकम्मा तथा कवाडी बनाउनेमा कम्युनिष्टहरू झन माहिर देखिए । हरेक ढेक्कापट्टामा कमिसन, हरेक नियुक्तिमा नजराना तथा घुस, अनि निर्णयमा नियोजित सिन्डिकेट स्थापित बनाइयो । मजदुर, किसान, पिछडिएका वर्ग, श्रमिकहरू भोटका लागि मात्र प्रयोग गरिए । अरू बेला त व्यपारी, करछली गर्ने उद्योगी, नजराना चढाउने कमिसनखोर, दलाल तथा समाजलाई तर्साउने डन, देश तथा नागरिकलाई ठग्ने ठेकेदार घरपेटी, सकेसम्म बाँकी समुदायको शोषण गर्ने खलनायकसँग सत्संग तथा दिव्य मिलनमा रमाए । समान्तको टाउको छिनाउनेदेखि शोषकको सफाया गर्ने दुवाई दिँदै सुरु भएका पार्टीका नेता आज आफैं नयाँ सामन्तसँगै शोषकको रूपमा उदाएका छन् । नागरिकका लागि सार्वजनिक सेवा प्रवाह र विकास निर्माण चाहिँ झनै खस्कँदो छ । देशको सर्वपक्षीय विकास, आर्थिक उपार्जन, प्रभावकारी सेवा तथा नागरिक जीवनलाई गुणस्तरीय बनाउने कार्ययोजनामा ठोस प्रष्टता छैन । लेखक गोबर्द्धन रानाको पुस्तक 'साम्यवाद'मा लेखिएको छ 'झुट बोलेर नागरिकलाई झुक्याउनु नै कम्युनिष्टहरूको दार्शनिक धर्म हो' । साँच्चै यस्तै परिदृश्य उजागर हुँदैछ । कम्युनिष्ट दल त दलदलमा छँदैछन्, दलभित्रका समूह अहिले त गुट पनि नभएर गिरोहमा परिणत भएका छन् । गिरोहमा केवल अरूलाई हटाएर आफूलाई फाइदा हुने कदम उठाइन्छ । चरम अवसरवादको प्रतीक्षा हुन्छ । आपसी मतान्तर जीवन, जनता, आर्दश, नीति तथा कार्यक्रममा नभई पदको बाँडफाँट र शक्तिको भोगका लागि हुन्छ । अब त यिनीहरूको स्थापनाको औचित्यसमेत सकिएको छ ।

**औचित्यको समाप्ति :** तत्कालीन माओवादीको उद्देश्य राजतन्त्र फालेर संविधानसभामार्फत गणतान्त्रिक संविधानको निर्माण थियो भने तत्कालीन एमालेको उद्देश्य पञ्चायती व्यवस्थाको उन्मुलन थियो । अन्य सबै खालका कम्युनिष्ट पार्टीसमेत यिनै व्यवस्था समाप्तिको लागि स्थापित थियो । ती सबै पार्टीको आधारभूत उद्देश्यसमेत पूरा भएकोले अब बाँकी नागरिक अपेक्षा पूरा गर्न नयाँ ढंगका दलहरूको आवश्यकता पर्छ । तत्कालीन शक्तिको प्रतिस्थापनपछि के गर्ने भन्ने न त स्पष्ट योजना थियो न त सानदार व्यवस्थापन गर्दै नागरिकको आशा अनुसार तिनले काम गर्न सके । त्यही अदक्षताको प्रभाव अहिलेको कम्युनिष्टहरूमा पनि परेको हो । त्यसैले अहिलेका कम्युनिष्ट अथवा वाम पार्टीहरू भविष्यमा विभाजित वा एकीकृत नै रहे पनि नागरिक भलाई तथा देश हितमा भने उनीहरूका गतिविधि केवल कागलाई बेल पाके जस्तो मात्रै हुनेछ । तत्कालै केही अनुपम र उदाहरणीय हुने अवस्था छैन । उनीहरूबीचका लफडा अनि नाटकीय शैलीमा हुने मेलमिलाप आदिले कसैको आडम्बरलाई जोगाउँला तर कम्युनिष्ट आचरण, समाजवादी चरित्र तथा नागरिक अपेक्षालाई जोगाउन सक्ने ल्याकत देखिँदैन । भविष्यमा अन्य कोही कसैले नयाँ ढंगले अर्को नैतिक र इमानदार कम्युनिष्ट शक्ति गठन गर्नसक्ला । तर, अहिलेकै गतिविधिको जीवन्ततालाई समाजले स्वीकार्नु चाहिँ समाजवाद तथा कम्युनिजमको घोर खिल्ली उडाउनुमात्र हो । अब कम्युनिष्टहरूको राजनीतिक अभिष्टमाथि निर्मम समीक्षा आवश्यक छ । एकताको भजन एउटा आत्मरतिको फेसन त बन्न सक्ला, नागरिक अपेक्षाको मिसन बन्न चाहिँ सक्ने देखिँदैन ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौल्हिवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** :स्वास्थ्य सम्बन्धी समस्याले सताउने हुँदा बाहिरी बातावरणको ख्याल गर्नुहोला।
**बृष** : नोकरीमा परिस्थितिको सामना गर्नुपर्नेछ भने सहयोग गर्ने कमै भेटिनेछन्।
**मिथुन** : भाग्यले साथ दिने हुनाले व्यापार व्यावसायमा थोरै समय लगानी हुँनेछ ।
**कर्कट** :घर परिवार तथा पति पत्निबिच घरायसी कुरामा विवाद सिर्जना हुनेछ ।
**सिंह** :व्यावसायिक यात्रा हुने भएपनि गन्तव्यमा पुग्नु अगावै समस्याहरु हुनेछ ।
**कन्या** :मौसम तथा खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य सम्बन्धी समस्या हुनेछ।
**तुला** : व्यापार व्यावसायमा लगानी गरी मनग्गे धन सम्पति कमाउन सकिनेछ ।
**बृश्चिक** :समयमा काम गर्न नसक्दा आलोचना खेप्नुपर्नेछ ।
**धनु** : व्यापार व्यावसायमा लगानी गर्दा घाटा हुनसक्छ ध्यान दिनुहोला ।
**मकर** :मान्छेसँग बसेर समय व्यातित गर्दा खुसी भएको महशुस गर्नेछन् ।
**कुम्भ** :राजनीति तथा समाजसेवामा जनताको गतिलो समर्थन रहनेछ ।
**मीन** :काममा समय बित्ने तथा अरुको काम गर्न खोज्दा आफ्नो काम थाति रहनेछ ।

# विज्ञान/सूचना प्रविधि

## गुगलले ल्यायो 'सुपरब्रेन' क्वान्टम चिप



दिग्गज सूचनाप्रविधि कम्पनी गुगलले सोमबार आफ्नो पहिलो क्वान्टम चिप विलो (Willo)सार्वजनिक गरेको छ । गुगलको उक्त चिपलाई क्वान्टम कम्प्युटिङ क्षेत्रमा एउटा ठूलो कदम मानिएको छ ।

विलोको चर्चा चुलिँदै जाँदा टेस्ला तथा एक्सका मालिक एलन मस्कले समेत गुगलका सीईओ सुन्दर पिचाइसँग कुराकानी गरेका छन् । यसले पनि गुगलले बनाएको क्वान्टम चिप विलो कस्तो हो ? भन्ने आम जिज्ञासा हुनु स्वाभाविकै हो । समाचार अनुसार उक्त क्वान्टम चिपले कठिनभन्दा कठिन सवालहरु समेत केही मिनेटमा समाधान गर्न सक्दछ ।

सो चिपकै कारण समानान्तर ब्रम्हाण्ड तथा मल्टिभर्स जस्ता अवधारणाहरुमाथि समेत चर्चा हुन थालेको छ । यो चिपले भविष्यमा धेरै कुरा परिवर्तन गर्नसक्ने बताइएको छ ।

**के हो गुगल विलो ?**

क्वान्टम चिप गुगल विलोलाई अर्को पुस्ताको चिप भनिएको छ । यो चिपलाई सेन्ट बार्बारास्थित कम्पनीको क्वान्टम ल्याबमा तयार गरिएको हो । यो चिपले कठिनभन्दा कठिन गणितीय समस्याहरु लाई केही मिनेटमै समाधान गर्न सक्दछ । विद्यमान सुपर कम्प्युटरहरुलाई समाधानका लागि ब्रम्हाण्डको आयुभन्दा पनि धेरै समय लाग्ने त्यस्ता सवाललाई यो चिपले केवल ५ मिनेटमै हल गर्न सक्दछ । उक्त चिप सार्वजनिक गर्दै गुगल सीईओ सुन्दर पिचाईले लेखेका छन्– यो विलो हो, हाम्रो नयाँ क्वान्टम कम्प्युटिङ चिप । यस चिपमा हामीले अधिक क्युबिट्सको प्रयोग गरेका छौं, जसका कारणबाट गल्तीहरुलाई कम गर्न सकिने छ । यसले क्वान्टम क्षेत्रको ३० वर्षको एउटा समस्या दूर गर्ने छ । उक्त चिपको प्रयोग क्वान्टम कम्प्युटिङ मा हुनेछ । गुगलका अनुसार अहिलेको सबैभन्दा शक्तिशाली सुपर कम्प्युटरले जुन कामलाई १० सेप्टिलियन (१० अंकको पछाडि २५ वटा शुन्ना भएको संख्या) वर्षमा गर्दछ, त्यसलाई विलोले केवल ५ मिनेटमा गर्न सक्छ । १० सेप्टिलियन भनेको यति ठूलो समय हो कि एउटा ब्रम्हाण्डको उमेर पनि यसभन्दा छोटो हुन्छ ।

**के हो क्वान्टम कम्प्युटिङ ?**

क्वान्टम कम्प्युटिङले क्वान्टम मेकानिक्सको सिद्धान्तमा काम गर्दछ जुन पारम्परिक कम्प्युटरका क्षमताहरु भन्दा टाढाका कुनै पनि समस्या हल गर्न सक्दछ । सजिलो भाषामा भन्नुपर्दा पारम्परिक कम्प्युटरले बिट्समा काम गर्दछ । जसमा जानकारीहरु ० वा १ को रुपमा प्रोसेस गरिन्छ । तर क्वान्टम कम्प्युटिङमा क्युबिट्सको प्रयोग गरिन्छ । यसमा ० वा १ वा दुबै अंकहरु एकसाथ प्रयोग हुनसक्छन् । यस प्रक्रियालाई सुपर पोजिसन भनिन्छ । तिनै क्युबिट्सका कारण क्वान्टम कम्प्युटरका विभिन्न गणनाहरुलाई एकसाथ गर्न सकिन्छ । जसमा कठिन तथा जटील समस्याहरुलाई पनि सजिलैसँग समाधान गर्न सकिन्छ ।

**के हुनेछ उक्त चिपको फाइदा ?**

विलोका माध्यमबाट गुगलले जे गरेको छ त्यो निकै महत्वपूर्ण छ । यद्यपि यसको एउटा ठूलो चुनौती भनेको वास्तविक जीवनमा यसका फाइदालाई अनुभूत गर्नु रहेको छ । गुगलका अनुसार यस चिपले एआई, औषधी चिकित्सा, ऊर्जा प्रणाली तथा फ्युजन ऊर्जाको अनुसन्धानमा निकै सहयोग गर्नेछ ।

एआईको क्षेत्रमा यो चिप निकै सहयोगी सावित हुने अपेक्षा गरिएको छ । एउटा एआई मोडेललाई तालिम दिनका लागि त्यसलाई निकै धेरै डेटा दिनु पर्दछ । यो मामिलामा क्वान्टम कम्प्युटर निकै उपयोगी सावित हुनसक्छ किनकि यसले निकै तीव्र गतिमा डेटालाई कम्प्युट गर्नसक्छ ।

**किन मानिँदैछ ठूलो सफलता ?**

वास्तवमा क्वान्टम कम्प्युटिङमा एउटा ठूलो चुनौती भनेकै त्रुटी हो । यहाँ क्युबिट्सको असर एकअर्कामा पर्दछ । यस्तोमा कुनै पनि क्युबिटमा केही समस्या आउँदा त्यसबाट सम्पूर्ण हिसाब गडबड हुन्छ । अर्कोतर्फ जति धेरै क्युबिट्सको प्रयोग हुन्छ, उति नै धेरै त्रुटी हुने जोखिम बढ्दछ । गुगलका अनुसार विलो चिपमा १०५ क्युबिट्सको प्रयोग गरिएको छ । उक्त क्युबिट्ससँगै विलोले क्वान्टम एरर करेक्सन तथा र्‍यान्डम सर्किट स्याम्पलिङ गरी दुईवटी मापदण्डमा उच्चतम कार्यसम्पादन गर्न सफल भएको छ । -अनलाइन खबर डटकम

## एनसेल फाउन्डेसन र आईसीटी अवार्डबीच सहकार्य




एनसेल फाउन्डेसनले प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्ड कार्यक्रम आईसीटी अवार्डसँग सहकार्य गरेको छ । सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा भइरहेको उत्कृष्ट कार्य र व्यक्तित्वहरुको सम्मान गर्ने यो एक विशेष वार्षिक कार्यक्रम हो ।


योसँगै आईसीटी अवार्ड २०२४ मा अब एनसेल फाउन्डेसन सपोर्टेड बाई पार्टनरको रूपमा आवद्ध भएको छ । यो सहकार्यको उद्देश्य आईसीटीमा भएको विकासलाई सम्मान गर्दै यसको प्रवर्धन, सूचना प्रविधि क्षेत्रमा महिलाहरुलाई प्रोत्साहन र डिजिटल डिभाइड कम गर्नका लागि हातेमालो गर्नु रहेको छ ।

नवौं संस्करणको इन्ड्राइभ आईसीटी अवार्ड २०८१ सपोर्टेड बाई एनसेल फाउन्डेसनको ग्राण्ड फिनाले आगामी पुस ५ गते ह्यात रिजेन्सी काठमाडौंमा आयोजना हुँदैछ ।

उक्त कार्यक्रममा डिजिटल विकासलाई बढावा दिंदै सूचना प्रविधि क्षेत्रमा काम गरिरहेका र उल्लेखनीय योगदान पुर्‍याएका विभिन्न संस्था, स्टार्टअप र व्यक्तित्वहरूलाई विभिन्न १४ विधामा आईसीटी अवार्ड प्रदान गरिने छ । 'हामी आफैं पनि विगत लामो समयदेखि यो क्षेत्रमा काम गरेर डिजिटल डिभाइडको ग्यापलाई घटाउन काम गर्दै आईरहेको संस्था हो । डिजिटल रुपान्तरणका लागि आ–आफ्नो ठाउँबाट काम गरिरहेका सबै उत्कृष्ट संस्था, स्टार्टअप र व्यक्तित्वहरुको सम्मान गर्ने यो अवार्डमा सहकार्य गर्न पाएकोमा खुसी छौं,' एनसेलकी कर्पोरेट कम्युनिकेसन एन्ड सीएसआर हेड विशाखा लक्ष्मी खड्काले भनिन् ।

सूचना प्रविधि क्षेत्रमा महिलाहरुको सहभागिता बढाउन प्रोत्साहन गर्न एनसेलले विगत ४ वर्षदेखि आईसीटी अवार्डमार्फत 'एनसेल वुमन आइकन आईसीटी अवार्ड' समेत प्रदान गर्दै आएको छ । यो वर्ष पनि एनसेल फाउन्डेसनले सूचना प्रविधि क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका महिलाहरूको सम्मानमा आईसीटी अवार्डसँग मिलेर ३ लाख रूपैयाँ नगदसहित उक्त सम्मान गर्नेछ । एनसेल फाउन्डेसनले विशेष गरी शिक्षा, समुदायस्तरमा प्रत्यक्ष प्रभाव पार्ने विभिन्न कार्यहरु, डिजिटल डिभाइड कम गर्न र साइबर सुरक्षा, डिजिटल साक्षरता जगाउन विभिन्न कार्यहरु लगायतका पहलहरू अगाडि बढाएको छ । -हिमालयटाइम्स डटकम

## लञ्च भयो नयाँ सामाजिक सञ्जाल मोजी



तपाई सामाजिक सञ्जाल कत्तिको चलाउनुहुन्छ ? अहिले उपलब्ध सामाजिक सञ्जालहरू फेसबुक, इन्स्टाग्राम, एक्स आदि राम्रो लाग्दैन भने तपाईका लागि खुसीको खबर छ । भर्खरै मात्र मोजी नामक नयाँ सामाजिक सञ्जाल प्लेटफर्म लन्च भएको छ । तपाईलाई यो एप मन पर्न सक्छ ।

मोजीका संस्थापक इभ विलियम्स भने यसलाई सामाजिक सञ्जाल प्लेटफर्म भन्न रुचाउँदैनन् । 'यो वास्तवमै सामाजिक सञ्जाल मञ्च होइन, किनकि प्रयोगकर्ताहरूले यसमा फोटो वा भिडियोहरू पोस्ट गर्न सक्दैनन् ।

यसको सबैभन्दा अनौठो विशेषता भनेको यो एप प्रयोग गरेर प्रयोगकर्ताहरूले नयाँ व्यक्ति र उनीहरूका परिचितहरूसँग अर्थपूर्ण रूपमा जोडिन सक्छन्' मोजीका संस्थापकले भनेका छन् ।

अएप हाललाई आईओएसमा मात्र उपलब्ध भएको र एन्ड्रोइड प्रयोगकर्ताका लागि वेटलिष्ट पहिला देखि नै उपलब्ध रहेको र एप पनि चाँडै रिलिज हुन सक्ने बताइएको छ ।

**के हो मोजी ? कस्ता छन् यसका फिचरहरू ?**

परम्परागत सामाजिक सञ्जालले मानिसहरूलाई एक अर्कासँग जोड्नुको सट्टा अन्जान मानिसहरूबीच कन्टेन्ट शेयर गर्नमा जोड दिने गरेको मिडियामा गरिएको एउटा पोष्टमा विलियम्सले बताएका छन् । विलियम्स इन्फ्लुएन्सर बिनाको एउटा वैकल्पिक निजी प्लेटफर्म उपलब्ध गराउन चाहन्थे । यो प्लेटफर्ममा सार्वजनिक प्रोफाइल, फलोअरको गणना र अपरिचितहरूको समर्थन नहोस् भन्ने उनको चाहना थियो । कम्पनीले केही समयअघि एउटा सानो समूहमा एप लञ्च गरेको थियो । यसका फिचरहरूप्रति प्रयोगकर्ताहरूबाट निकै सकारात्मक प्रतिक्रिया आएपछि कमपनीले एप औपचारिक रुपमा लञ्च गरेको हो । -रातोपाटी डटकम

## भाखा नाघेका ऋणीहरुमा कर्जा चुक्ता गर्न आउने बारे अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०२**

यस पाल्पा जिल्ला तानसेन नगरपालिका वडा न.३ स्थित मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको ऋणको साँवा, व्याज र अन्य दै-दस्तुर समेत यस संस्थासंगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनुपर्नेमा सो नतिरि/नबुझाई सो सम्बन्धमा पटक-पटक फोन तथा पत्राचारमार्फत ताकेता गर्दा समेत चुक्ता गर्नतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा उक्त ऋणको साँवा, व्याज र अन्य रकम समेत संस्थालाई नतिरि नबुझाई ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणी सदस्यहरुको विवरणसहित ऋण चुक्ता गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, व्याज र अन्य दै-दस्तुर चुक्ता नगरेमा धितो सुरक्षण वापत रहेको चल अचल सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ उपदफा १, सहकारी नियमावली २०७५ को नियम २५ तथा यस संस्थाको विनियम ८६ नम्बर बमोजिम लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं । ऋणीको सुरक्षणमा रहेको धितो लिलाम विक्री गरी शेयर तथा बचत रकम समेतबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी तथा जमानत दिनेको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर असुल उपरका लागि लिलामी प्रक्रिया अगाडि बढाईने व्यहोरा ऋणी, धनजमानीकर्ता व्यक्तिहरु तथा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । खराब ऋणीको नाम कानुन बमोजिम कालो सुचिमा राखिने बेहोरा समेत जानकारी गराउदछौं ।

**तपशिल**

| क.स. | ऋणीको नाम,घर वतन | ऋणीको तिन पुस्ते विवरण | धितो रहेका जग्गाको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | **नाम थर : अर्पणा श्रेष्ठ** **वतन :** पाल्पा जिल्ला साबिक तानसेन न.पा. वडा न.८ हाल परिवर्तित वडा न.३ | **पति : सुजन श्रेष्ठ** **ससुरा : मोहन श्रेष्ठ** | पाल्पा जिल्ला साबिक मदनपोखरा गा.बि.स.वडा नं. ८ हाल परिवर्तित तानसेन न.पा.वडा न.७ का कि.न.७० को क्षे.फ.१-१-०-० र कि.न.५७७ को क्षे.फ. ०-४-२-० तथा पाल्पा जिल्ला साबिक बन्दीपोखरा गा.बि.स.वडा नं. १ हाल परिवर्तित तानसेन न.पा.वडा न.५ का कि.न.१००९ को क्षे.फ.०-५-१-२ र कि.न.१०१० को क्षे.फ. १-७-३-१ (ज.रो.) | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको र.नं.७८८, RK–७२५ मिति २०७६/१०/२६ तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको र.न.९२७ मिति २०७५/१०/२० बाट धितो बन्धक रहेको |
| २. | **नाम थर : कमलादेवि गैरे** **वतन :** पाल्पा जिल्ला साबिक गा.पा. मैनादी वडा न.९ हाल परिवर्तित वडा न. | **पति : जयलाल गैरे** **ससुरा : जोखनारायण** | पाल्पा जिल्ला साबिक बर्तुङ्ग गा.बि.स. वडा नं. ८ हाल परिवर्तित तानसेन न.पा.वडा न.१ का कि.न.१३६६ को क्षे.फ. ०-३-०-० मा घर | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२३१, मिति २०७५/१०/१० तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२२१४ मिति २०७५/१०/१० बाट धितो बन्धक रहेका |
| ३. | **नाम थर : उदय राज भण्डारी** **वतन :** पाल्पा जिल्ला साबिक तानसेन न.पा. वडा न.११ हाल परिवर्तित वडा न. | **बुबा: ईश्वरी प्रसाद भण्डारी** **बाजे: शिवलाल भण्डारी** | पाल्पा जिल्ला साबिक मदनपोखरा गा.बि.स.वडा नं. ८ हाल परिवर्तित तानसेन न.पा.वडा न.१ का कि.न.१००२ को क्षे.फ. ०-५-०-० | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२३१, मिति २०७५/१०/१० तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२२१४ मिति २०७५/१०/१० बाट धितो बन्धक रहेका |
| ४. | **नाम थर : धनश्याम भण्डारी** **वतन :** पाल्पा जिल्ला साबिक तानसेन न.पा. वडा न.११ हाल परिवर्तित वडा न. | **बुबा: ईश्वरी प्रसाद भण्डारी** **बाजे: शिवलाल भण्डारी** | पाल्पा जिल्ला साबिक बर्तुङ्ग गा.बि.स.वडा नं. ५ हाल परिवर्तित तानसेन न.पा. वडा न.७ का कि.न. ४०२६ को क्षे.फ.३-६-३-१ (ज.रो.) | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२३१, मिति २०७५/१०/१० तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२२१४ मिति २०७५/१०/१० बाट धितो बन्धक रहेका |
| ५. | **नाम थर : मदन राज पाण्डे** **वतन :** पाल्पा जिल्ला साबिक चिर्तुङ्धारा न.पा. वडा न.९ हाल परिवर्तित बगनासकाली गा.पा. वडा न. ३ | **बुबा : लीलाकान्त पाण्डे** **बाजे : टिकाराम पाण्डे** | पाल्पा जिल्ला साबिक तानसेन न.पा.वडा नं. ८ हाल परिवर्तित तानसेन न.पा. वडा न. ३ का कि.न. २१३८ को क्षे.फ.०-३-०-३ | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२३१, मिति २०७५/१०/१० तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२२१४ मिति २०७५/१०/१० बाट धितो बन्धक रहेका |
| ६. | **नाम थर : कर्ण बहादुर वि.क.** **वतन :** पाल्पा जिल्ला साबिक तानसेन न.पा. वडा न.९ हाल परिवर्तित वडा न.६ | **बुबा :जल बहादुर वि.क.** **बाजे : नर बहादुर** | पाल्पा जिल्ला साबिक बर्तुङ्ग गा.वि.स. वडा नं.२ हाल परिवर्तित तानसेन न.पा. वडा न.७ का कि.न.१०२७ को क्षे.फ. ०-३-०-० | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.४०६, मिति २०७८/११/०२ तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२३८१ मिति २०७८/११/०८ बाट धितो बन्धक रहेका |
| ७. | **नाम थर : देविकला सुनार** **वतन :** पाल्पा जिल्ला साबिक तानसेन न.पा. वडा न.११ हाल परिवर्तित वडा न.७ | **पति : सन्दिप सुनार** **ससुरा : राम सुनार** | पाल्पा जिल्ला साबिक बर्तुङ्ग गा.वि.स.वडा नं. ५ हाल परिवर्तित तानसेन न.पा. वडा न.७ का कि.न. ३०९६ को क्षे.फ. ०-४-०-० | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२३१, मिति २०७५/१०/१० तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२२१४ मिति २०७५/१०/१० बाट धितो बन्धक रहेको |
| ८. | **नाम थर : कुल बहादुर रावल** **वतन :** पाल्पा जिल्ला साबिक तानसेन न.पा. वडा न.१३ हाल परिवर्तित वडा न.११ | **बुबा : नारायण बहादुर** **बाजे : विष्णु सिंह** | पाल्पा जिल्ला साविक बन्दिपोखरा गा.वि.स.वडा नं. ५ हाल परिवर्तित तानसेन न.पा. वडा न.५ का कि.न. ६३५ को क्षे.फ. ०-७-२-० तथा पाल्पा जिल्ला साविक बन्दीपोखरा गा.वि.स.वडा नं. ५ हाल परिवर्तित तानसेन न.पा.वडा न.५ का कि.न.६३८ को क्षे.फ. ०-७-२-० | यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.५०८, मिति २०७९/०२/३१ तथा यस संस्थाको नाममा मालपोत कार्यालय पाल्पाको च.नं.२२१४ मिति २०७५/१०/१० बाट धितो बन्धक रहेका |

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२०७९४ र ०७५-५२२५४५**

# प्रजातन्त्रमाथि 'कू' भएको स्मृतिमा कालो दिवस




**पाल्पा,** पुस १/ प्रजातन्त्रमाथि 'कू' भएको स्मृतिमा सोमबार कालो दिवस मनाइएको छ । प्रथम जननिर्वाचित सरकारलाई तत्कालीन शाही नेपाली सेनाको शक्तिको भरमा अपदस्थ गरिएको विरोधमा देशभर कालो दिवस मनाइएको हो ।

दिवसको अवसरमा नेपाली काँग्रेस र नेपाल तरुण दललगायत अन्य भ्रातृ एवं शुभेच्छुक संस्थाले देशभर विभिन्न कार्यक्रम आयोजना गरे । उनीहरुले हरेक वर्ष पुस १ गते प्रजातन्त्रमाथि प्रहार भएको दिनका रुपमा कालो दिवसका रुपमा मनाउँदै आएका छन् । विसं २०१७ पुस १ गते प्रथम निर्वाचित प्रधानमन्त्री विपी कोइराला लगायतका नेतालाई सेनाको बलमा बन्दी बनाइ तत्कालीन राजा महेन्द्रले पञ्चायती शासन व्यवस्थाको सुरुवात गरेका थिए । नेपाल तरुण दलको कार्यक्रममा सहभागी भइरहेका तत्कालीन प्रधानमन्त्री विपी लगायतका नेतालाई त्यहीँबाट गिरुतार गरी तीन महिना सिंहदरबार र त्यसपछि सुन्दरीजलमा बन्दी बनाइएको थियो । सुन्दरीजलस्थित नेपाली सेनाको आर्सनलका हाकिमको आवासमा पर्खालले घेरी विपी लगायतका नेतालाई बन्दी बनाइएको थियो । यही जेलपछि सुन्दरीजल बन्दी गृहका नामले चिनियो । सोही जेलमा बसेर विपीले 'श्वेतभैरवी' कथासङ्ग्रह, 'मोदीआइन', 'बाबु, आमा र छोरा', 'सुम्निमा', 'तीन घुम्ती', 'हिटलर र यहुदी' लगायत उपन्यास रचना गरेका थिए ।

पुस १ गतेको घटनापछि विपीसँगै तत्कालीन सभामुख कृष्णप्रसाद भट्टराई, मन्त्री एवं पार्टी नेताहरु गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, दिवानसिंह राई, रामनारायण मिश्र, योगेन्द्रमान शेरचन लगायतलाई सुन्दरीजल बन्दीगृहमा थुनिएको थियो ।

# पेट्रोलको मूल्य बढ्यो, डिजेल र मट्टितेलको घट्यो

**पाल्पा,** पुस १/नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ भने डिजेल र मट्टितेलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको आइतबारको बैठकले सोमबारदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ बढाएको तथा डिजेल र मट्टितेलमा प्रतिलिटर दुई रुपैयाँ घटाएको हो ।



इन्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ । निगमले पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर एक सय ५९ रुपैयाँ ५० पैसा, ताकेको छ । दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ६१ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६२ रुपैया तोकिएको निगमले जनाएको छ । यस्तै डिजेल र मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ४८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ५१ रुपैयाँ निर्धारण गरिएको छ । निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायल तोकेको छ । डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ । इण्डियन आयल कर्पोरेशनबाट आइतबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा दुई रुपैयाँ २८ पैसा बढेको र डिजेलमा प्रतिलिटर एक रुपैयाँ ४८ पैसा घटेकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ । खाना पकाउने एलपी ग्यास र हवाई इन्धनमा भने मूल्य यथावत् राखिएको छ ।

## खेलकुद समाचार

# नेपालले पाकिस्तानलाई हरायो



**काठमाडौं,** पुस १/महिला यू-१९ एसिया कपमा नेपालले पाकिस्तानलाई हराएको छ । मलेसियाको क्वालालम्पुरस्थित बायुमास क्रिकेट ओभलमा नेपालले पाकिस्तानलाई ६ विकेटले हराएको हो । पाकिस्तानले दिएको १०५ रनको लक्ष्य नेपालले १९ ओभरमा ४ विकेट गुमाउँदै पूरा गरेको थियो ।

नेपालका लागि कप्तान पूजा महतोले नटआउट ४७ रन बनाइन् । ४७ बल सामना गरेकी उनले ३ चौकासमेत प्रहार गरिन् । त्यस्तै साना परवीनले १०, सोनी पाख्रिनले १३ र सिमाना केसीले नटआउट १२ रन बनाए । पाकिस्तानका लागि फातिमा खान र कुराटुलैनले १/१ विकेट लिए । यसअघि टस जितेर पहिले 'ब्याटिङ' रोजेको पाकिस्तानले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ४ रन बनाएको थियो । पाकिस्तानका लागि कोमल खानले सर्वाधिक ३८ बनाइन् । उनले ४४ बलमा दुई चौका प्रहार गर्दै ३८ रन बनाएकी हुन् । यस्तै, महम अनिसले 'नटआउट' २९, रवैल फरहानले १३, कप्तान जोफिशन अय्याजले १२ र फातिमा खानले नटआउट ६ रन बनाइन् भने अरिशा अन्सारीले एक रन जोडिन् । बलिङतर्फ नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक दुई विकेट लिइन् । यस्तै, रचनाकुमारी चौधरी, रिया शर्मा र सिमाना केसीले एक/एक विकेट लिए । जितसँगै नेपाल सेमिफाइनलमा समेत प्रवेश गरेको छ । लगातार २ खेलमा पाकिस्तान पराजित भएसँगै नेपालले समूह 'ए' बाट सेमिफाइनलमा स्थान बनाएको हो । नेपालले मंगलबार भारतसँग प्रतिस्पर्धा गर्नेछ । समूह 'बी' मा श्रीलंका, बंगलादेश र मलेसिया रहेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से ५१ अंकले घट्यो



**पाल्पा,** पुस १/नेप्से परिसूचक उच्च अंकले घटेरको छ । साताको दोस्रो कारोबार दिन नेप्से ५१ दशमलव ३७ अंकले घटेको हो ।

नेप्से घटेर २ हजार ६ सय ३० दशमलव ९१ विन्दुमा अडिएको छ । सेन्सेटिभइ इण्डरेक्स ६ दशमलव ९३ अंकले घटेर ४ सय ५१ दशमलव २८ विन्दुमा पुगको छ । यसदिन ३ सय ४ स्क्रिप्सको १ करोड २७ लाख ४५ हजार ७७७ कित्ता सेयर ५ अर्ब ९३ करोड ५६ लाख ४ हजार ८ सय ४७ रुपैयाँमा खरिदबिक्री भए । यसदिन एउटा मात्रै कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । कुथेली बुखारी स्माल हाइड्रोपावरको सेयर १० प्रतिशतले बढ्यो । यसैगरी जोशी हाइड्रोपावर डेभलपमेन्टको ८ दशमलव ७०, कुमारी सवल योजनाको ५, नेसनल हाइड्रोपावरको ३८ र मन्दाकिनी हाइड्रोपावरको ३ दशमलव ९७ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट शीर्ष स्थानमा रह्यो । सो कम्पनीको १८ करोड ८९ लाख मूल्य बराबरको सेयर कारोबार भयो ।

जोशी हाइड्रोपावर डेभलपमेन्टको १८ करोड ४९ लाख, हिमालयन रिइन्स्योरेन्सको १५ करोड र नेपाल फाइनान्सको १२ करोड मूल्य बराबरको सेयर कारोबार भयो । यसदिन कारोबारमा आएकामध्ये १५ स्टक्सको मूल्य बढ्दा २ सय २७ वटाको घट्यो । २ स्टक्सको मूल्य भने स्थिर रह्यो । सबै समूहका परिसूचक भने घटेका छन् । फाइनान्स समूहको उपसूचक सर्वाधिक ४ दशमलव ४१ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ५८ प्रतिशतले घटेको छ ।

# छुट्टाछुट्टै सवारी दुर्घटना...

...दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको बर्दिया अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै काठमाडौंको चन्द्रागिरि नगरपालिका-२ मसिनेस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

बा.३३ प ३६८ नम्बरको मोटरसाइकल सडकबाट करिब ७० मिटर तल खसेर आइतबार साँझ दुर्घटना हुँदा चालक धादिङ धुनिबेसी नगरपालिका-७ बस्ने २६ वर्षीय टिकाराम तामाङको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका-७ राताडाँडास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको हो । बा.६१ प ४५६८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक ठाटीकाँध गाउँपालिका-१ मटेला बस्ने ३२ वर्षीय मनोज कुमार भण्डारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको दुल्लु अस्पताल दुल्लुमा उपचारको क्रममा मृत्यु भएको थियो । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै झापाको दमक नगरपालिका-१० सेतुमारी चोकस्थित सडकमा पनि मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । प्रदेश १-०१-०१५ प १७९३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार गौरादह नगरपालिका-५ बस्ने ३२ वर्षीया जमुना धिमाल र २५ वर्षीया मनचरी राईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको दमक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकलाई थप उपचारको लागि विएण्डसि अस्पताल विर्तामोड रिफर गरिएको छ । यसैगरी झापाको शिवसताक्षी नगरपालिका-१० किराँत चोकस्थित सडकमा रोकी राखेको ट्याक्टरमा मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको हो । को.२ त ४१४५ नम्बरको ट्याक्टरमा मे.९ प ६२४ नम्बरको मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा चालक मेची नगरपालिका-५ बस्ने ४२ वर्षीय सन्तोष कुमार लिम्बुको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको विएण्डसि अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाभी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई